**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

रघुगंगा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ संख्याः ६ मितिः २०७७/०३/०७

**भाग-१**

**रघुगंगा गाउँपालिका**

## रघुगंगा गाउँपालिकाको विनियोजन ऐन, २०७८

# रघुगंगा गाउँपालिकाको विनियोजन ऐन, २०७८

**प्रस्तावनाः**

रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनिय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा(२) बमोजिम रघुगंगा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत भइ रघुगंगा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्न विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०७८ कार्यान्वयनमा आएको छ ।

**संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "रघुगंगा गाउँपालिका गाउँ विनियोजन ऐन,२०७८"रहेको छ ।

(२)यो सभाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७८/०७९ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँका वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च, शसर्त अनुदान र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. ५३,१९,०९,०००/- (अक्षरुपी त्रिपन्न करोड उन्नाईस लाख नौ हजार) मा नबढाई निर्दिष्ट गरे बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त रघुगंगा गाउँपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको नितित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बच हुने शीर्षकबाट नपुग हने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च व्याज जनाउन सकिनेछ । पूँजीगत खर्च र

वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकका बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पुँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृत लिनु पर्नेछ ।

अनुसूची १

(दफा २ संग सम्बन्धित नेपालको संविधानको धारा २२९ (२) बमोजिम

सञ्चित कोषबाट विनियोजन हुने रकम

रकम रू. मा

| क्र.स. | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | शसर्त अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ |
| २ | गाउँपालिका | ११४०८४३००।- | ९७०२४७००।- | ३१५८०००००।- | ५३१९०९०००।- |
| ३ | विषयगत शाखा | ० | ० | ० | ० |
| ४ | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| ६ | कुल जम्मा | ११४०८४३००।- | ९७०२४७००।- | ३१५८०००००।- | ५३१९०९०००।- |

आज्ञाले,

अमृत सुवेदी

प्रमुख प्रशासकीय अधिकृत